# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा र नेपालका लागि इण्डोनेसियाका महामहिम राजदूत श्री जेट मिर्जल जैनुदिन (Zet Mirzal Zainudin) बीच आज बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा भेटघाट सम्पन्न भयो । भेटका अवसरमा उहाँहरूबीच दुई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विषय वस्तुमाथि छलफल भएको थियो ।



भेटमा गभर्नर डा. खतिवडाले क्षेत्रीय आर्थिक विकासका लागि एसियाली मुलुकहरू बीच आपसी सहयोग विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । सिसन, सियाञ्जा जस्ता एसियाली मुलुकहरूको फोरमलाई अझ सशक्त रुपमा अघि बढाउनु पर्ने विचार उहाँले व्यक्त गनुभयो ।

भेटमा गभर्नर डा. खतिवडाले इण्डोनेसियास्थित पेरुम पेरुरी नामक प्रिन्टिङ प्रेसमा नेपाल राष्ट्र बैंकले विभिन्न दरका नेपाली रुपैयाँको नोट छपाई गर्ने गरेको सन्दर्भ उल्लेख गर्नुभयो ।

यसै गरी महामहिम राजदूत श्री जैनुदिनले नेपाल र इण्डोनेसिया बीच कतिपय विषयमा रहेका असमझदारीलाई समाधान गर्दै अगाडि बढ्नु पर्ने धारणा राख्नुभयो । साथै, उहाँले दुई देशको आर्थिक विकासका लागि आपसी सहयोग र समन्वय गर्दै अगाडि बढ्नु पर्ने कुरा बताउनुभयो ।

मितिः २०६७ मंसिर १३ गते

गभर्नरको कार्यालय